# (सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

**२०८० साल माघ १ गतेदेखि २०८० साल चैत्र मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु**

**(स्वतः प्रकाशन)**


लुम्बिनी प्रदेश सरकार

**अर्थ मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल

**बिषयसूची**


| | | |
|---|---|---|
| १. | मन्त्रालयको परिचय | १ |
| २. | मन्त्रालयको कार्यविवरण | १ |
| ३. | मन्त्रालयको संगठन संरचना, दरवन्दी विवरणर मन्त्रालय अन्तर्गत रहेका संरचना | ३-४ |
| ४. | मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारी | ५ |
| ५. | मन्त्रालयबाट प्रदान गरिने सेवा | ६ |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | ६ |
| ७. | निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | ६ |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | ६ |
| ९. | सम्पादन गरेका मुख्य मुख्य कामको विवरण | ६-७ |
| १०. | सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम र पद | ७ |
| ११. | आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण | ८ |
| १२. | मन्त्रालयको वेवसाइट | ८ |
| १३. | मन्त्रालयको सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण | ८ |
| १४. | मन्त्रालयमा सूचना माग सम्वन्धी निवेदन | ८ |
| १५. | मन्त्रालयले गरेका सूचना सम्वन्धी कामहरु | ८ |
| १६. | मन्त्रालयसँग सम्बन्धित कानूनी तथा नीतिगत व्यवस्था | ८-९ |

## १. मन्त्रालयको परिचयः

मिति २०७४ साल फाल्गुन ३ गते आर्थिक मामिला तथा योजना मन्त्रालयको नाममा स्थापना भई २०७८ साल भाद्र १३ गते बाट मन्त्रालयको नाम आर्थिक मामिला तथा सहकारी मन्त्रालय कायम भएकोमा प्रदेश सरकारको मिति २०७९ असार ३१ को निर्णयानुसार मन्त्रालयको नाम अर्थ तथा सहकारी मन्त्रालय कायम भएको र पुनः मिति २०८० श्रावण १ को निर्णयानुसार मन्त्रालयको नाम अर्थ मन्त्रालय कायम भएको छ।


## २. मन्त्रालयको कार्य विवरणः

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन
- प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन
- संघको स्वीकृतिमा बैदेशिक सहयोग, बैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन
- प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर
- प्रदेशस्तरिय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन
- राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग
- प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान
- संघीय नीति अनुरुप सह-वित्तीयकरण
- प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति निर्माण, कार्यान्वयन र नियमन
- प्रदेशको बजेट विनियोजन, तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन
- प्रदेश सञ्चित कोषको संचालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवं व्यवस्थापन
- प्रदेश पुरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन
- प्रदेशगत विनियोजन, राजश्व, धरौटी, कार्यसंचालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परिक्षण
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँड र उपयोग सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन

- संघीय कानून अनुसार प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तान्तरण
- राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति तथा मापदणड तर्जुमा, कार्यान्वयन र नियमन
- संघीय सरकारसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य
- तथ्यांक, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, मापदण्ड एवं योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य
- बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन
- प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन
- आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य
- गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड एवं योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना संकलन
- प्रदेशको आर्थिक मामिला सम्बन्धी अन्य कार्यहरु।

## ३. मन्त्रालयकोसंगठनसंरचना, दरवन्दी विवरण र मन्त्रालय अन्तर्गत रहेका संरचनाः

### क. मन्त्रालयको संगठन संरचना



## ख. मन्त्रालयको दरबन्दीविवरण

लुम्बिनी प्रदेश सरकार

अर्थ मन्त्रालय

प्रस्तावित दरबन्दी तेरिज

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | संघबाट स्वीकृत दरबन्दी | प्रदेशबाट स्वीकृत दरबन्दी | प्रस्तावित दरबन्दी |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन | | रा.प.प्रथम | १ | १ | १ |
| २ | अधिकृतस्तर | प्रशासन | राजश्व | नवौं/दशौं | २ | २ | २ |
| ३ | अधिकृतस्तर | प्रशासन | सा.प्रशासन | नवौं/दशौं | १ | २ | १ |
| ४ | अधिकृतस्तर | प्रशासन | लेखा | नवौं/दशौं | १ | १ | १ |
| ५ | अधिकृतस्तर | प्रशासन | सा.प्रशासन | सातौं/आठौं | ६ | ७ | ६ |
| ६ | अधिकृतस्तर | प्रशासन | राजश्व | सातौं/आठौं | ६ | ३ | ५ |
| ७ | अधिकृतस्तर | प्रशासन | लेखा | सातौं/आठौं | १ | १ | १ |
| ८ | अधिकृतस्तर | न्याय | कानून | सातौं/आठौं | १ | १ | १ |
| ९ | अर्थशास्त्री | विविध | | सातौं/आठौं | १ | १ | १ |
| १० | तथ्याङ्क अधिकृत | योजना तथा तथ्याङ्क | तथ्याङ्क | सातौं/आठौं | १ | १ | १ |
| ११ | कम्प्यूटर इन्जिनियर | विविध | | सातौं/आठौं | १ | ० | १ |
| १२ | कम्प्यूटर अधिकृत | विविध | | सातौं/आठौं | १ | १ | १ |
| १३ | अधिकृतस्तर | प्रशासन | सा.प्रशासन | पाँचौं/छैटौं | ३ | ७ | ६ |
| १४ | अधिकृतस्तर | प्रशासन | राजश्व | पाँचौं/छैटौं | ६ | ३ | ३ |
| १५ | कम्प्यूटर अपरेटर | विविध | | पाँचौं/छैटौं | ४ | ४ | ४ |
| १६ | सहायकस्तर | प्रशासन | लेखा | सहायक चौथो/पाँचौं | १ | १ | १ |
| १७ | सहायकस्तर | प्रशासन | सा.प्रशासन | सहायक चौथो/पाँचौं | २ | १ | २ |
| १८ | ह.स.चा. | ईन्जिनियरिङ | मे.ई./ज.मे.ई. | तहविहीन | ४ | ५ | ४ |
| १९ | का.स. | प्रशासन | सा.प्रशासन | तहविहीन | ५ | ६ | ६ |
| जम्मा | | | | | ४८ | ४८ | ४८ |

उपसचिव

सचिव

**ग. मन्त्रालयरअन्तर्गत रहेका संरचनाः**

**अर्थ मन्त्रालय**

↓

प्रदेश लेखा नियन्त्रक कार्यालय, दाङ

**४. मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारी**

| **महाशाखा** | **शाखा** | **महाशाखा प्रमुख** | **शाखा प्रमुख** |
|---|---|---|---|
| बजेट योजना तथाकार्यक्रम | योजना तथा अनुगमन शाखा | उपसचिव सुरेन्द्र पाण्डे | बरिष्ठ शाखा अधिकृत माधव पोख्रेल |
| | बजेट तथा कार्यक्रम | | बरिष्ठ शाखा अधिकृत मोहन परियार |
| प्रशासन महाशाखा | कर्मचारी प्रशासन | उपसचिव प्रेम प्रसाद आचार्य | बरिष्ठ शाखा अधिकृत माधव पोख्रेल |
| | आर्थिक प्रशासन | | बरिष्ठ लेखा अधिकृत नविन श्रेष्ठ |
| | कानून तथा फैसला कार्यान्वयन | | कानून अधिकृत परासर खरेल |
| बित्त व्यवस्थापन | राजश्व व्यवस्थापन | उपसचिव सुरेन्द्र पाण्डे | बरिष्ठ शाखा अधिकृत मोहन परियार |
| | वित्त हस्तान्तरण तथा स्थानीय तह समन्वय | | बरिष्ठ तथ्यांक अधिकृत विकल्प चौधरी |
| | सूचना प्रविधि | | अ.छैठौं वेद प्रसाद सुवेदी |
| वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक विश्लेषण | आर्थिक विश्लेषण | उपसचिव सुरेन्द्र पाण्डे | बरिष्ठ तथ्यांक अधिकृत विकल्प चौधरी |
| | बित्तीय क्षेत्र व्यवस्थापन | | |
| | | | |

५. **मन्त्रालयबाट प्रदान गरिने सेवा**

मन्त्रालयबाट सूचना माग सम्वन्धी सेवा सूचनाको हकसम्वन्धी ऐन/नियम अनुसार प्रदान हुने गरेको छ। मातहत कार्यालयहरुबाट हुने गरेको क्रियाकलापहरुमा मन्त्रालयले नीतिगत कार्य र समन्वय गर्ने तथा सो विरुद्धको उजुरी तथा गुनासो सुन्ने गरेको छ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

६.१ **सेवा प्राप्त गर्न लाग्ने दस्तुरः**

सूचनाको हकसम्वन्धी नियमावली, २०६५ को नियम ४ बमोजिम र अन्य बिशेष कानूनले तोके बमोजिमको दस्तुर।

६.२ **सेवा प्राप्त गर्न लाग्ने अवधिः**

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधिभित्र र अन्य बिशेष कानूनले अवधि तोकेकोमा सोही बमोजिम।

७. **निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित महाशाखा र शाखामा आवश्यक कारवाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रक्रिया अगाडि बढाइने।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारीः** प्रदेश सचिव श्री राम बहादुर केसी

९. **सम्पादन भएका मुख्य मुख्य कामको बिवरणः**

**क. प्रशासन महाशाखाः**

- मन्त्रालयको दैनिक प्रशासनिक कामकारवाही सञ्चालन गरिएको।
- नियमानुसार आर्थिक प्रशासन संचालन गरिएको।
- प्रदेश प्रशासन सेवा लेखा समुहका कर्मचारीहरुको स्तरवृद्धि सम्बन्धी कार्य सम्पन्न गरिएको।
- गुनासो र उजुरी सुनुवाई गर्ने गरिएको।
- रिक्त दरवन्दीमा मुख्यमन्त्री कार्यालयको सहमति बमोजिम सरुवा सम्वन्धी कामकारवाही गरिएको।
- विभिन्न मन्त्रालय/निकायको संगठन संरचना तथा दरवन्दी विवरण उपर राय/परामर्श र सहमति प्रदान गरिएको।
- बिभिन्न अदालतमा दायर भएका रिट निवेदनका सम्वन्धमा लिखित जवाफ तयार गरी पेश गरेको।

**ख. बजेट योजना तथा कार्यक्रम महाशाखाः**

- मन्त्रालयहरुबाट माग भए बमोजिम बिधेयक, नियमावली तथा कार्यविधि उपर राय, परामर्श र सहमति प्रदान सम्वन्धी काम गरिएको।

- कार्यक्रम संशोधन तथा बजेट रकमान्तर गरिएको।
- आगामी आ.व. २०८१/८२ को नेपाल सरकारको नीति तथा कार्यक्रममा समावेश हुने विषयहरु पठाइएको।
- बजेट समर्पण र बचत हुने रकमो विवरण अर्थ मन्त्रालयमा पेश गर्ने विषयगत मन्त्रालय/आयोग/सचिवालयहरुलाई पत्राचार गरिएको।
- प्रदेशका आयोजनाको बहुवर्षिय ठेक्का सम्बन्धी मापदण्ड, २०८० प्रदेश सरकार (म.प.) बाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको।
- मध्यमकालिन खर्च संरचना (MTEF) को निर्देशक समिति, मन्त्रालय समिति र प्राविधिक समिति गठन ।

**ग. वित्त व्यवस्थापन महाशाखाः**

- राजश्व परामर्श समिति गठन तथा बैठक सम्पन्न ।
- राजश्वका दर तथा विषयमा सम्वन्धित मन्त्रालय/कार्यालय लगायत निजी क्षेत्रसँग छलफल एवम् अन्तरक्रिया गरिएको ।
- प्रदेश विशेष अनुदान कार्यविधि, संशोधन गरी लागू गरिएको ।
- आ.व. ०८०/८१ का लागि स्थानीय तहबाट समपूरक अनुदानका आयोजना माग गरी संकलन गरिएको ।
- स्रोत अनुमान समितिको गठन।
- राजश्व परामर्श समितिलाई सहयोग गर्ने गरी राजश्वका नयाँ क्षेत्रहरुको पहिचान, समस्या समाधान र राजश्व परिचालनलाई प्रभावकारी बनाउन प्रतिवेदन पेश गर्ने गरी राजश्व परामर्श उपसमितिको गठन।
- संघीय राजश्व परामर्श समितिमा प्रदेशस्तरमा राजश्वमा देखिएका समस्या, नयाँ क्षेत्रको पहिचान र साझा अधिकार क्षेत्रको राजश्वको न्यायोचित परिचालन गर्न सुझाव पठाइएको।
- प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेको सवारी साधन कर, प्रदेश विभाज्य कोषमा जम्मा रकम प्रदेश र स्थानीय तहमा बाडफाँट गरिएको र सो को नियमानुसार बाँडफाँटका लागि प्रदेश र स्थानीय तहमा बाँडफाँट गरी मन्त्रालयलाई जानकारी गराउने गरी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई अधिकार प्रत्यायोजन गरिएको।

**घ. वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखाः**

- आर्थिक सर्वेक्षण र दोस्रो चौमासिक प्रगति प्रतिवेदनको तयारी गरिएको।
- आ.व. २०८०/८१ र २०८१/८२ को प्रदेशको आय व्यय प्रक्षेपण गरिएको।
- प्रदेशको राजश्व तथा खर्चको विवरण संकलन तथा बिश्लेषण गर्ने गरिएको
- संघीय निकायहरुबाट माग भएका सूचना तथा तथ्याङ्क तयार गरी पठाइएको ।

## १०. सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम र पद:

| | |
|---|---|
| प्रमुख | प्रदेश सचिव श्री राम बहादुर के.सी. |
| प्रवक्ता | उपसचिव श्री सुरेन्द्र पाण्डे |
| सूचना अधिकारी | वरिष्ठ शाखा अधिकृत श्री माधव पोख्रेल |

## ११. आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्वन्धी अद्यावधिक विवरण:

| क्र. स | ब.उ.शि.नं. | विवरण | अन्तिम वजेट | चैत्र मसान्त सम्मको कूल खर्च | वाँकी |
|---|---|---|---|---|---|
| १ | ३०५०००११३ | चालु खर्च | ९२६१८०००/- | २७०६४०४३/- | ६५५५३९५६/- |
| २ | ३०५०००११४ | पुँजीगत खर्च | ७००००००/- | ९८७४४२/- | ६०१२५५८/- |

## १२. मन्त्रालयको वेवसाइट:

अर्थ मन्त्रालयको वेवसाइट: www.moeap.lumbni.gov.np

## १३. मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण:

मन्त्रालयका अधिकांश परिपत्र र सूचनाहरु मन्त्रालयको वेवसाइटमा नियमित प्रकाशन हुने गरेको, महत्वपूर्ण सूचनाहरु पुस्तक र ब्रोसरमा समेत प्रकाशन भएको ।

## १४. मन्त्रालयमा परेका सूचना माग सम्वन्धी निवेदन:

सूचना माग भएका निवेदनका सम्वन्धमा प्रचलित ऐन, नियमावली बमोजिम सूचना उपलव्ध गराइएको ।

## १५. मन्त्रालयले गरेका सूचनासम्वन्धी कामहरु:

- महत्वपूर्ण सूचनाहरु पत्रपत्रिकामा प्रकाशन गरेको ।
- ऐन, कानून सम्वन्धी पुस्तकहरु प्रकाशन गरेको ।
- ब्रोसर प्रकाशन गरेको ।

- माग भए बमोजिमका सूचनाहरु लिखित वा मौखिक रुपमा सम्प्रेषण गरेको ।

**१६. मन्त्रालयसँग सम्बन्धित कानूनी तथा नीतिगत व्यवस्था**

**क.आर्थिक तथा प्रशासनिक पक्षसँग सम्बन्धितः**

- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४,
- प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५,
- प्रदेश कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५,
- सालवसाली रुपमा ल्याइने प्रदेश विनियोजन ऐनहरु तथा प्रदेश आर्थिक ऐनहरु,
- संचित कोष सञ्चालन कार्यविधि, २०७४,
- प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७8,
- सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५,
- प्रदेश घरजग्गा न्यूनतम मुल्य निर्धारण समिति (गठन तथा कार्यसञ्चालन) आदेश, २०७६,
- विशेष अनुदान व्यवस्थापन कार्यविधि, २०७६,
- मनोरञ्जन कर नियमावली, २०७६,
- सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६,
- विज्ञापन कर नियमावली, २०७६,
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७९ (प्रदेश सभामा दर्ताभई विचाराधीन रहेको)

**ख. विविध**

- प्रदेश आकस्मिक कोष सञ्चालन ऐन, २०७५,
- तथ्याङ्क ऐन, २०७५
- कोरोना भाइरस (COVID-19) नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) निर्देशिका, २०७८